

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्नें छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क ९४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ बैशाख ५ गते बुधबार ❑ 17 April 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## स्थानीयस्तरबाट खेलाडी तयार गर्न राज्यले विशेष ध्यान दिनु आवश्यक छ - राष्ट्रपति पौडेल

**रासस**
पोखरा, ४ बैशाख

राष्ट्रपति रामचन्द्र पौडेलले खेलकुदका माध्यमबाट देशलाई विश्वमाझ चिनाउन स्थानीयस्तरबाट नै खेलाडी तयार गर्न राज्यले विशेष ध्यान दिन जरुरी रहेको बताउनुभएको छ।

युवा तथा खेलकुद मन्त्रालयद्वारा मंगलबार यहाँ आयोजित १४ औँ राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको उद्घाटन गर्दै उहाँले खेलकुद विकासका लागि आवश्यक स्रोत, साधन, दक्ष प्रशिक्षक र पूर्वाधार निर्माणमा राज्यले विशेष जोड दिनुपर्छ भन्नुभयो।

"गाउँगाउँमा विकासका विभिन्न पूर्वाधार निर्माण गरेजस्तै खेलकुदको पनि विकास गर्नुपर्छ। शिक्षा र खेलकुद एक सिक्काका दुई पाटा हुन् । कक्षाकोठाको शिक्षाले विद्यार्थीको आँखा र मस्तिष्क खुलाउँछ भने खेलकुदले मस्तिष्क, हातखुट्टा र मनलाई क्रियाशील तथा अनुशासित बनाउँछ", राष्ट्रपति पौडेलले भन्नुभयो, "विशेषत खेलाडी गाउँ, जिल्ला र प्रदेशमै टिक्न र भविष्य बनाउन सक्छन् भन्ने सुनिश्चितता दिन स्थानीय तह र प्रदेश सरकारको विशेष ध्यान पुग्न जरुरी छ, खेलाडीको भविष्य सुनिश्चित गर्न निजी क्षेत्रले पनि उत्तिकै हातेमालो गर्नुपर्छ भन्ने लाग्छ ।" विद्यार्थीको खेलकुदमा संलग्नता समृद्धि, सफलता र समाज निर्माणको आधार भएको जनाउँदै उहाँले विद्यार्थी खेलकुदमा निरन्तर अग्रसर हुँदा उनीहरूमा नयाँ विचार र नवप्रवर्तन क्षमता पनि विकास हुन्छ भन्नुभयो।

राष्ट्रपति पौडेलले खेलको विकास, खेलाडीलाई हौसला, प्रोत्साहन र पुरस्कार तथा आवश्यक प्रशिक्षणसहितको रोजगारीको व्यवस्था गरी खेलको विकासमा सरकार र सरोकारवालाले पर्याप्त ध्यान दिनुपर्ने आवश्यकता औँल्याउनुभयो।

उहाँले विद्यालय तहमा केन्द्रित रहेर खेल प्रतिभाको खोजी गरी भविष्यमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरको प्रतियोगितामा सहभागी भई राष्ट्रको छवि उच्च बनाउन योगदान पुर्‍याउन सक्ने खेलाडी तयार गर्ने उद्देश्यका साथ यो कार्यक्रम आयोजना हुनु प्रशंसनीय कार्य हो भन्नुभयो। कार्यक्रममा युवा तथा खेलकुदमन्त्री विराजभक्त श्रेष्ठले यस प्रतियोगितामा उत्साहजनक सहभागिता रहेको जनाउँदै आफूले मन्त्रालय सम्हालेदेखि दशरथ रङ्गशालाको मैदानलगायतको क्षेत्रमा सुधार भएको दाबी गर्नुभयो। राष्ट्रपति पौडेलले पारा तेक्वान्दो खेलाडी ओलम्पियन पलेशा गोवर्धनले ओलम्पिक टर्च प्रदान गरेसँगै पलेशाले दीप प्रज्ज्वलन गर्नुभयो । दीप प्रज्ज्वलन गर्नुअघि ओलम्पिक टर्चलाई ट्र्याकमा परिक्रमा गराएको थियो। टर्च परिक्रमा ओलम्पियन देबु थापा, कमलबहादुर अधिकारी र हरि रिमाल पनि सहभागी हनुहुन्थ्यो । चीनको ताइयाङ्मा भएको एसियाली छनोट प्रतियोगिताअन्तर्गत के-४४ क्याटगोरीको महिला ५७ केजीमुनि पलेशाले स्वर्ण पदक जित्दै पेरिस पारा ओलम्पिकमा स्थान सुरक्षित गरिसक्नुभएको छ । पलेशा एसियाली पारा खेलकुदमा पदक जित्ने पहिलो र एक्लो नेपाली खेलाडी हुनुहुन्छ । पलेशाले चीनको हाङ्झावमा भएको चौथो एसियाली पारा खेलकुदमा ऐतिहासिक कास्य पदक जित्नुभएको थियो।

तीनदिने उक्त प्रतियोगितामा एथलेटिक्स, भलिबल, कबड्डी, कराते, तेक्वान्दो र उसु गरी छ खेलका खेलाडीले प्रतिस्पर्धा गर्नेछन् । प्रतियोगितामा सातै प्रदेशबाट छ सय ८६ खेलाडीको सहभागिता रहेको छ। एथलेटिक्स त्रिपुरेश्वरस्थित दशरथ रङ्गशाला, भलिबल राखेपको कभर्डहल, कबड्डी लैनचौरस्थित राष्ट्रिय टेबलटेनिस प्रशिक्षण केन्द्र, कराते सातदोबाटोस्थित अन्तरर्ाष्ट्रिय खेलकुद परिसर हातामा अवस्थित कराते हल, तेक्वान्दो सातदोबाटोस्थित तेक्वान्दो हल र उसु त्रिपुरेश्वरस्थित राखेपको सेमी कभर्डहलमा हुनेछ। प्रतियोगितामा ५६ स्वर्णका लागि प्रतिस्पर्धा हुनेछ । एथलेटिक्सको छात्र/छात्रामा समान १३-१३ गरी २६ स्वर्णपदक, कराते, तेक्वान्दो र उसुको छात्र/छात्रामा समान ६-६ गरी ३६ स्वर्ण तथा भलिबल र कबड्डीको छात्रछात्रमा समान १/१ गरी ४ स्वर्णका लागि प्रतिस्पर्धा हुनेछ।

त्यस्तै उद्घाटन कार्यक्रममा मार्च पास, अक्सिडेन्टल पब्लिक स्कुलका विद्यार्थीको नृत्य, उसु खेलाडीको प्रस्तुति, डान्स स्पोर्ट्स सङ्घको प्रस्तुति, नाइटिङ्गेल स्कुलका विद्यार्थीको सातै प्रदेशको संस्कृति झल्कने नृत्य प्रस्तुति रहेको थियो।

## यूनाइटेड क्लबद्धारा जानकी माविमा सेनेटरी प्याड भेन्डिङ मेसिन वितरण

**पोखरापत्र संवाददाता**
पोखरा, ४ बैशाख




यूनाइटेड क्लबले १४ औं वार्षिकोत्सवको अवसरमा आयोजित साताब्यापी कार्यक्रम अन्तर्गत चौथो दिन मंगलबार पोखरा १७ महतगौंडामा रहेको जानकी माविमा अध्ययनरत छात्रालाई लक्षित गरी सेनेटरी प्याड भेन्डिङ मेसिन वितरण गरेको छ।

भेन्डिङ मेसिन वितरण गर्दै पोखरा महानगरपालिका वडा नम्बर १७ का वडा सदस्य शिवराम भण्डारीले विद्यालयमा छात्राहरुलाई भेन्डिङ मेसिनले प्याड वितरणमा मितब्यायीता कायम गर्ने वताए । छात्राहरुले महिनावारीको वेलामा अझैपनि आफ्नो समस्याहरु खुलेर भन्न नसक्ने अवस्था आइरहदा अत्याधुनिक मेसिनबाट आफैले प्याड झिक्न सकिने भएकाले पनि यसले छात्राहरुको पढाइलाइ थप उर्जा दिने उनको भनाइ रहेको थियो । विद्यालय ब्यवस्थापन समितिका सदस्य हरि प्रसाद बासतोलाले सेनेटरी प्याड भेन्डिङ मेसिनको मूल्य भन्दा महत्व वढी रहेको वताउदै जानकी मावि मा अध्ययनरत विद्यार्थीहरुले सिक्दै कमाउदै कार्यक्रम मार्फत बांसका सामाग्रीहरु निर्माण गर्दै आइरहेको र त्यसको उपयोग र बजारीकरणका लागि यूनाइटेड क्लबले आयोजना गर्ने पोखरा महोत्सवमा स्टल राखेर त्यसको प्रवर्द्धन गरिदिन समेत आग्रह गरे। यूनाइटेड क्लबका पुर्व अध्यक्ष सुक बहादुर गुरुङले यूनाइटेड क्लब १४ औं वर्ष सम्म आइपुग्दा पोखरा महानगरको ३३ वटै वडाका विभिन्न विद्यालयहरुमा शैक्षिक तथा खेलकुद सामग्री वितरण गरिसकेका वताए। स्थापनाकालदेखि शिक्षा, स्वास्थ्य, खेलकुद र पर्यटनको क्षेत्रमा काम गर्दै आईरहेकोमा यसपटक पोखरा १७ महतगौडामा रहेको जानकी माविमा अध्ययनरत छात्राहरुलाई लक्षित गरि प्रदान गरिएको सेनेटरी प्याड भेन्डिङ मेसिनले छात्राहरुको स्वास्थ्य संगै अध्ययनमा सहायता पुग्ने विस्वास ब्यक्त गरे।

विद्यालयका प्रध्यानाध्यापक अर्जुन कंडेलले यूनाइटेड क्लबले प्रदान गरेको भेण्डिङ मेसिन मार्फत विद्यालयमा अध्ययनरत छात्राहरुले महिनावारीको समयमा आवश्यक पर्ने सेनेटरी प्याड सहजै प्राप्त गर्न सक्ने भएकाले छात्राहरुलाई कुनै झण्झट ब्यवहोर्न नपर्ने र उनीहरुको पढाइलाई समेत सहायता पुग्ने वताउदै यूनाइटेड क्लबको सामाजिक कामको प्रशंसा गरे । सो अवसरमा वोल्दै क्लबका कार्यसमिति सदस्य तथा सेनेटरी प्याड भेन्डिङ मेसिन वितरण कार्यक्रमका संयोजक जयराम आचार्यले नेपालमै बनेको अत्याधुनिक भेन्डिङ मेसिन खरिद गरी विद्यालयलाई हस्तान्तरण गर्न पाउदा खुसी लागेको वताए । मेसिनको संरक्षण गर्न तर्फ समेत विद्यालय परिवारलाई उनको आग्रह रहेको थियो। यूनाइटेड क्लबका अध्यक्ष राजु श्रेष्ठले यूनाइटेड क्लवले सेती नदी संग जोडिएका वडाहरु संग सहकार्य गरेर आफुहरु सेती नदीमा पर्यटकीय गन्तब्य स्थल निर्माण गर्न तयार रहेको वताउदै त्यसका लागी पोखरा महानगरपालिका वडा नम्बर १७ संग समेत सहकार्य गरेर अगाडी वढ्ने उनको भनाइ रहेको थियो।

कार्यक्रममा क्लबका वरिष्ठ उपाध्यक्ष लोक बहादुर थापाले स्वागत मन्तब्य राखेका थिएभने कार्यक्रमको सञ्चालन महासचिव दिनेश सुनारले गरेका थिए । यसैगरी क्लबको साताब्यापी कार्यक्रम अन्तर्गत बुधवार पोखराको अमरसिंह चौरमा बृहत खुल्ला रक्तदान कार्यक्रमको आयोजना गरिने भएको छ। सो रक्तदान कार्यक्रममा पोखराका संचारकर्मीहरुलाई समेत सहभागीता जनाउन महासचिव सुनारले आग्रह गरेका छन।

## ३० लाखको आलु बिक्री

**पोखरापत्र संवाददाता**
पोखरा, ४ बैशाख




१२ औं राष्ट्रिय हेमजा आलु महोत्सवमा मंगलवारसम्म रु.३० लाखको आलु बिक्री भएको छ ।यही चैत २५ गतेदेखि सुरु महोत्सवमा प्रतिकेजी रु.४० मा आलुको कारोवार भइरहेको छ।

मंगलवार सम्म ७० हजार दर्शक बढीले महोत्सव अवलोकन गरेकोमा कुल ३ हजार २ सय १५ घरपरिवारले आलु खरिद गरी लगेको कृषि उपज व्यवस्थापन उपसमितिका संयोजक जयराम तिम्सिनाले जानकारी दिए । उनले कास्की, स्याङजा, चितवन, बुटबल, बाग्लुङ, तनहुँ लगायत काठमाण्डौबाट समेत मानिसहरु आलु खरिद गर्न आएको पनि सुनाए।जसअनुसार हालसम्म प्रति घरपरिवारले न्यूनत्तम ५ किलोग्रामदेखि अधिकत्तम ३ सय किलोग्रामसम्म आलु खरिद गरी लगेका छन् । ग्राहकले हेमजामा फलेको आलु स्वादिलो, छिटो पाक्ने तथा स्वास्थ्यकर मानि बढी खरिद गर्ने गरेको उनको भनाई छ । महोत्सवमा मंगलवार, उद्घाटनको दिन चैत २५ गते आयोजित झाँकी ऱ्यालीको नजिता पनि सुनाइएको छ ।जसअनुसार माछापुच्छ्रे सेवा समाज पहिलो हुँदै रु.१० हजार र प्रमाणपत्र पुरस्कार पाएको छ।

उक्त ऱ्यालीमा हेमजा नेवा खलको समूह दोस्रो, पोखरा महानगरपालिका स्थित सामुदायिक महिला स्वास्थ्य स्वयमको समूह तेस्रो तथा नवजागर बाल समूह तथा धौलागिरी हेमजा मगर समाज सान्त्वना भए ।द्वितीय, तृतीय र सान्त्वना भएसँगै ति समूहहरुले क्रमश ७ हजार, ५ हजार तथा ३ हजार साथै प्रमाणपत्रमा चित्त बुझाए । पुरस्कार वितरण गर्दै गण्डकी प्रदेशका मन्त्री राविज गुरुङले कृषि उपजका नाममा महोत्सव गरिनु आफैमा महत्वपूर्ण रहेको बताउँदै त्यसलाई निरन्तरता दिनुपर्नेमा जोड दिए । म मनाङको मान्छेः आलु खाँदै हुर्केको हो, आज यहाँ पनि आलुका परिकार खान पाए, खुशी छु ।आगामि दिनमा हुने यस किसिमका महोत्सवमा प्रदेश सरकारको पनि साथ रहन्छ मन्त्री गुरुङले भने।

मंगलवार महोत्सवमा कलाकारहरु कुलेन्द्र विश्वकर्मा, सुरेशरमण अधिकारी, कृष्ण गुरुङ, सरिता सारु, गगन गुरुङ, सुभद्रा श्रेष्ठ, परशुराम अधिकारी लगायत लक्ष्य व्याण्डका प्रस्तुतिहरु रहे।

त्यस्तै महोत्सवमा आलु लगायत अन्य सामग्री समेत गरी हालसम्म साढे ३ करोडको कारोवार भएको मूल आयोजक समितिका महासचिव वसन्तकुमार श्रेष्ठको भनाई छ । महोत्सवको आकर्षणका रुपमा आलु तथा ताजा तरकारीको प्रदर्शनी, आलुको पहाड निर्माण, आलुका विभिन्न परिकार प्रदर्शन, माटो र बोटबिरुवाको परीक्षण तथा रोगको निदान, कृषि सम्बन्धी विविध सांस्कृतिक कार्यक्रम, कृषि झाँकी प्रदर्शनी, कृषि विज्ञ र किसानबीच अन्तर्क्रिया, विभिन्न कृषि उपज, बिउबिजन तथा अन्य कृषि यन्त्रको प्रदर्शनी, कृषक सम्मान तथा पुरस्कार, रत्यौली गीत प्रतियोगिता, हास्य व्यङ्ग्य एवम् लाइभ पप कन्सर्ट लगायत रहेका छन् । महोत्सव एक समारोहका बीच बुधवार सकिदैछ।

## गर्मीयाममा लाग्नसक्ने रोगबाट छुटकारा पाउन

- पर्याप्त मात्रामा पानी वा झोलिलो पदार्थ पिउने गरौं,
- मौसमअनुसारका तरकारी एवं फलफूल उपभोग गरौं,
- सडेगलेको, बासी, जथाभावी राखिएका खानेकुरा नखाऔं,
- खुलास्थानमा राखिएका चटपटे, पानीपुरी, मःम, चाउमिनजस्ता खानेकुरा नखाऔं,
- धेरै अमिलो, चिल्लो र मसलेदार खाना नखाऔं,
- घर बाहिर हिड्दा शरीर ढाक्ने गरी लुगा लगाऔं,
- घर,आँगन वा बसोबास गर्ने आसपासको क्षेत्रमा पानी जम्ने, खाल्डाखुल्डी, फोहोरको थुप्रो, कुहिएका बस्तुहरु भएमा हटाई सफा राखौं,
- व्यक्तिगत सरसफाईमा ध्यान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# स्वास्थ्यचौकी बनाउन स्थानीयले दिए जग्गा

पोखरापत्र संवाददाता
वालिङ, ४ बैशाख

स्वास्थ्य चौकी भवन बनाउनका लागि यहाँका स्थानीयले निःशुल्क जग्गा दिएका छन् ।

स्याङ्जाको भीरकोट नगरपालिका- ५ सिम्लेमा स्वास्थ्यचौकी भवन बनाउनका लागि स्थानीयले चार रोपनी आठ आना जग्गा निःशुल्क उपलब्ध गराएका हुन् । नजिकै स्वास्थ्यचौकी भवन नहुँदा आधारभूत स्वास्थ्य उपचारबाट वञ्चित रहेका यहाँका स्थानीयलै गाउँमै स्वास्थ्यचौकी भवन भएपछि सहजरूपमा स्वास्थ्य सेवा पाइने विश्वासका साथ स्वास्थ्यचौकीको नाममा जग्गा दिएका वडाध्यक्ष सुवेदार कृष्णबहादुर थापाले जानकारी दिनुभयो । "भिरकोट- ५ को वडा कार्यालय रहेको स्थान तिलाहार नेटामा स्वास्थ्यचौकी छ", उहाँले भन्नुभयो, "सिम्ले आसपासका नागरिकलाई स्वास्थ्यसम्बन्धी आधारभूत सेवा उपलब्ध गराउनका लागि स्वास्थ्यचौकी आवश्यक थियो ।

जग्गा प्राप्त भएसँगै भवन निर्माण थालेका छौँ ।" स्वास्थ्यचौकी भवन बनाउनका लागि सिम्लेका स्थानीय फूलकुमारी खाण, आनन्दकुमारी खाण, यामबहादुर खाण र बेतकुमारी खाणले निःशुल्क जग्गा दिनुभएको वडाध्यक्ष थापाले जानकारी दिनुभयो ।

स्वास्थ्य जस्तो संवेदनशील क्षेत्रमा यहाँका वडाबासीले गाउँमै स्वास्थ्यचौकी बनाउनुपर्छ भन्दै निःशुल्क जग्गा उपलब्ध गराएकामा उहाँले जग्गादातालाई धन्यवाद दिनुभयो । "बुढेशकाल लाग्यो, उमेरले ८० पुगेँ । अब उपचारका लागि टाढा जानसक्ने उपाय छैन", जग्गादाता फूलकुमारीले भन्नुभयो, "आफ्नो गाउँमै स्वास्थ्यचौकी भएपछि सामान्य उपचार पाइन्छ । टाढा जान पर्दैन भन्ने लागेर निःशुल्क जग्गा दिएका हौँ ।" आफ्नै परिवारभित्रका चार जना मिलेर पायक पर्ने ठाउँमा जग्गा दिएको उहाँले बताउनुभयो ।

फूलकुमारीले भन्नुभयो, "स्वास्थ्यचौकी भवन निर्माण भएपछि सहजरूपमा स्वास्थ्य सेवा पाइने विश्वासले स्वास्थ्यचौकीका नाममा जग्गा दिएका हौँ, वडाले पनि भवन निर्माण सुरु गरेको छ । खुसी लागेको छ ।" स्वास्थ्यसम्बन्धी सामान्य उपचारका लागि पनि तिलाहार नेटा, बयरघारी बजार वा वालिङ बजार जानुपर्ने बाध्यता रहेकामा गाउँमै स्वास्थ्यचौकी बनेपछि सहजरूपमा सेवा पाइने स्थानीय बताउँछन् ।

# पोखरामा वृक्षरोपण क्षेत्रको पहिचान, दुई लाखभन्दा बढी बिरुवा रोपिने

पोखरापत्र संवाददाता
पोखरा, ४ बैशाख

पोखरा महानगरपालिकालाई 'स्वच्छ सहरः हरित सहर' का रूपमा विकास गर्न सम्भावित वृक्षरोपण क्षेत्र पहिचान तथा रणनीति तय गर्ने कार्य अन्तिम चरणमा पुगेको छ । वन विज्ञान अध्ययन संस्थान, पोखरा क्याम्पसका उपप्राध्यापक डा शेषकान्त भण्डारीको संयोजकत्वमा गठन गरिएको कार्यदलले सो कार्य अन्तिम चरणमा पुगेको जनाएको हो । पोखरा महानगरको सहरी वन कार्यक्रमलाई सुदृढ गर्न र स्वच्छ सहर हरित सहरको लक्ष्य हासिल गर्न सम्भावित वृक्षरोपणस्थल पहिचान गर्ने, सहरी वन कार्यक्रम प्रवर्द्धन गर्न उपयुक्त वनस्पति प्रजाति पहिचान गर्ने र महानगर क्षेत्रमा वृक्षरोपण सम्भाव्यताको योजना तयार गर्ने उद्देश्यले उपप्राध्यापक डा भण्डारीसहित उप प्राध्यापक सुमन भट्टराई र उपप्राध्यापक विकास अधिकारी रहनुभएको अध्ययन टोली गठन गरेको थियो । कार्यदलले रैथाने, स्थानीय बासिन्दाको रोजाइ, सौन्दर्य बढाउने, सदाबहार, धार्मिक महत्व बोकेका, पोखरा महानगरभित्र राम्रोसँग हुर्किरहेका र हावाहुरीबाट सजिलै नभाँचिनेलगायतका वर्गमा विभाजन गरी प्रजाति छनोट गरेको छ । अध्ययन अनुसार महानगर क्षेत्रको सात सय किमी सडक तथा राजमार्ग, झन्डै ६७ किमी नदी तथा खोला किनार, २९ सार्वजनिक स्थलको एक २५ हेक्टर खुला क्षेत्रमा ३८ प्रजातिका बिरुवा लगाउन सकिनेछ ।

महानगर क्षेत्रमा पहिचान गरिएको सम्भावित क्षेत्रमा लगाउन सकिने बिरुवामा बर, पिपल, शमी, पैयूँ, कोइरालो, टाँकी, लालीगुराँस, असारे, आँप, अमला, अशोका, कल्की फुल, राइखन्यु, गुलमोहर, बैँस, लालुपाते, कागज पाते, पालम, धूपी, बाँस, खयर, सिसौँ, पाखुरी, राजवृक्ष, रातो पाते, सिना एक्साटाविलिस, टिकोमा, कपुर, लिची, किम्बू, बेल, अम्बा, निमारो, कदम, रुद्राक्ष, बेडुला, नारेश्वर, जङ्गली केरालगायत छन् । महानगर क्षेत्रको सम्भावित क्षेत्रमा दुई लाख १८ हजार बढी बिरुवा रोप्न सकिने बताइएको छ । जस अन्तर्गत सार्वजनिक खुला क्षेत्रमा ७३ हजार तीन सय ९९ र सडक, नदी तथा खोला किनारमा एक लाख ४४ हजार छ सय चार वटा बिरुवा रोप्न सकिने सम्भावना रहेको कार्यदलका संयोजक डा भण्डारीले बताउनुभयो । सहरी वन व्यवस्थापनमा पूर्वाधारको अभाव, मानवीय अतिक्रमण, जनचेतनाको कमी, कानुनी जटिलता, जनशक्ति अभाव, प्राविधिक उपकरणको अभाव, अन्तर निकाय समन्वयको अभाव र मौजुदा व्यवस्था कार्यान्वयनको कमजोर अवस्थालगायत चुनौती रहेको कार्यदलले औँल्याएको छ ।

कार्यदलले अध्ययनका क्रममा वृक्षरोपण व्यवस्थापन तथा संरक्षण रणनीति अन्तर्गत बिरुवा रोप्ने खाडलको आकार, बिरुवाको आकार, माटो, बिरुवा रोप्ने समय, वृक्षरोपण अभियानमा सिर्जनात्मक तरिका तथा प्रोत्साहनजनक कार्य, मल्चिङ, बिरुवाको नामलगायतको विवरण अभिलेखीकरण, ट्रि गार्ड, सरोकारवालाको निर्क्यौल, सहरी वनलाई सबल बनाउने उपायको अवलम्बन, जनचेतना अभिवृद्धि, दण्ड, जरिवाना र क्षतिपूर्ति लगायतको व्यवस्था गर्न आवश्यक रहेको जनाएको छ । महानगर क्षेत्रमा सहरी वनको व्यवस्थापन आवश्यक रहेको र खाली तथा खुला स्थानहरूमा वृक्षरोपण गर्नुपर्ने भएकाले विज्ञहरूको कार्यदल बनाइ सम्भावित सम्भावनाको पहिचान गर्न लागिएको नगर प्रमुख धनराज आचार्यले बताउनुभयो । हरित सहरको निर्माण केवल हरियालीसँग मात्र नजोडिने भन्दै प्रमुख आचार्यले यो वातावरणीय स्वच्छताप्रति स्थानीय सरकारको प्रतिबद्धतासमेत भएको बताउनुभयो । विज्ञहरूको कार्यदलले गरेको अध्ययनले पोखरालाई 'स्वच्छ सहरः हरित सहरको रूपमा विकास गर्न कोसेढुङ्गाका रूपमा काम गर्ने उहाँले विश्वास व्यक्त गर्नुभयो । महानगर क्षेत्रमा दुई लाखभन्दा बढी बिरुवा रोप्ने कार्य महत्वकांक्षी भए पनि आफूहरूले योजनाका साथ काम गर्ने उहाँले बताउनुभयो ।

सरोकारवालाले भने बिरुवाको छनोट गर्दा आवश्यकता, प्राथमिकता र वातावरणसँग बिरुवाको मिलनका महत्वपूर्ण विषयवस्तुलाई गहन रूपमा विश्लेषण गरिनुपर्ने सुझाव दिएका छन् । अध्ययनको कार्य अन्तिम चरणमा पुगेको र प्रतिवेदन छिट्टै महानगरपालिकालाई हस्तान्तरण गरिने संयोजक प्रा डा भण्डारीले बताउनुभयो ।

# सहारा क्लवसंग मैत्रिपूर्ण फुटवल खेलमा वेलायतको युजिई समुह विजयी

पोखरापत्र संवाददाता
वालिङ, ४ बैशाख



पोखराको सहारा क्लवसंग मंगलबार भएको मैत्रिपूर्ण फुटवल खेलमा वेलायतको ए थ्रि सिक्स इन्जिनियर रेजिमेन्ट एण्ड क्विन्स गोर्खा इन्जिनियर (युजिई) विजयी भएको छ ।

सहारा एकेडेमीको खेल मैदानमा भएको खेलमा यूजिईले सहारा क्लवलाई ३–१ को गोल अन्तरले पराजित गर्दै विजयी भएको हो ।

यूजिईको जितमा सिनक्लियरले २ र कप्तान आमोसले एक गोल गर्नु भएको थियो । शुसिल लामाको कप्तानीमा मैदानमा उर्त्रिएको सहारा क्लवको तर्फबाट भने मुकुन्द निउरेले एक शान्त्वना गोल गर्नु भयो ।

यसैबिच, उक्त खेलको नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष दीननाथ बरालले रेफ्रि राजकुमार श्रेष्ठलाई वल हस्तान्तरण गर्दै कार्यक्रमको उद्घाटन गर्नु भएको थियो । कार्यक्रममा बोल्दै बरालले क्लवले पोखराको फुटवल खेल विकाससंगै सामाजिक क्षेत्रमा निकै प्रशंसनिय कार्य गर्दै आएको बताउनु भयो ।

फुटवलको उर्भर भूमि पोखरामा पछिल्लो समयमा खेलाडीहरुको अभाव भएको सन्दर्भमा सोमबारबाट जुनियर स्तरको फुटवल प्रशिक्षण क्लवले सुरु गरेकोमा त्यसलाई निरन्तरता दिन आग्रह गर्नु भयो ।

क्लवका अध्यक्ष केशवराज बरालको अध्यक्षतामा भएको कार्यक्रममा पूर्व अध्यक्ष बिक्रम थकाली, क्लवका मानार्थ सदस्य एवं समाजसेवी लोक बहादुर गुरुङ, सहारा हडकडका अध्यक्ष दीपक गुरुङ, बरिष्ठ उपाध्यक्ष पूर्ण बहादुर गुरुङ लगायतको उपस्थिती रहेको थियो ।

युजिई समुहले आईतबार काठमाडौंमा चर्चा व्वाईजसंग २-२ को खेल बराबरी खेलेको थियो । यूजिईले सहारा क्लवलाई एकेडेमीको लागि ११ हजार र त्यसै गरी एफ.सी.तोङबा वेलायतबाट १० हजार साथमा दुबै संस्थाले ३/३ थान बल हस्तान्तरण गरिएको थियो ।

# पर्यटकीय क्षेत्र नेपालको आर्थिक मेरुदण्ड हो : सभापति अर्याल

पोखरापत्र संवाददाता
स्याङ्जा, ४ बैशाख

पर्यटकीय क्षेत्रको सम्भावनाले भरिएको स्याङ्जालाई आर्थिक आयआर्जन सगँ जोड्नुपर्ने गण्डकी प्रदेश सभाका अर्थ तथा विकास समितिका सभापति भोजराज अर्यालले जोड दिएका छन् ।

गल्याङ नगरपालिकाको ६ स्थित देवीस्थानमा आयोजित देवीस्थान–चन्द्रकोट पर्यटन विकास सम्भावना र चुनौती बिषयक अन्तरक्रिया तथा नव बर्षको भित्तेपात्रो विमोचन कार्यक्रममा प्रदेश सभाका सभापति अर्यालले पर्यटकीय क्षेत्रहरुलाई आर्थिक आयआर्जनको बाटोमा लैजानुपर्ने बताएका हुन् । स्याङ्जामा धेरै पर्यटकीय क्षेत्रहरु मध्ये देवीस्थान र चन्द्रकोटलाई धार्मिक, प्राकृतिक पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न सकिने उक्त अन्तरक्रियामा सभापति अर्यालले बताए । स्याङ्जा–पिडिखोला रुपन्देही सम्पर्क समाज बुटवलको आयोजनामा भएको अन्तरक्रियामा सभापति अर्यालले सिद्धार्थ राजमार्गको वालिङ बायाटारी देखि पिडिखोला हुँदै सेतीवेणी सम्म पुग्ने सडकलाई पहिलो प्रथामिकतामा राखेर काम गरिरहेको बताउदै सभापति अर्यालले यो सडक निर्माण सम्पन्न पछि कालीगण्डकी कोरिडोर सँग जोडिने बताए । उक्त सडकले देवीस्थान चन्द्रकोटको पर्टकीय विकासका लागि टेवा पुग्ने उनको भनाई थियो ।

मुलुक आर्थिक संकटमा गुज्रिरहेको अबस्थामा नागरिकका विकासका आधारभुत आवश्यकता पूरा गर्न कठिनाइ भएको बताए । जनप्रतिनिधि भएपछि नागरिकको काम गर्ने इच्छा र भावना रहेपनि नागरिकका असिमित विकासका आयोजनाहरु सिमित स्रोत साधनले पूरा गर्नुपर्ने बाध्यता रहेको सभापति अर्यालले बताए । स्याङ्जा पर्यटकीय क्षेत्रको प्रचुर सम्भावना भएको जिल्ला भएकाले ऐतिहासिक महत्व बोकेको देवीस्थान चन्द्रकोटको विकास गर्नु जरुरी रहेको बताए । पर्यटकीय क्षेत्रको विकास सँगै रोजगार पनि सिर्जना गर्न सकिने भएकाले तिनै तहका सरकारको ध्यान देवीस्थान चन्द्रकोट जस्ता पर्यटकीय क्षेत्रमा पुग्नुपर्ने सभापति अर्यालको जोड छ । यो ठाउँ पर्यटन क्षेत्रका लागि निकै सम्भावना भएकाले यसको डिपिआर तयार गरि अगाडि बढाउन आग्रह गर्दै सभापति अर्यालले यस क्षेत्रको विकास हुँदै जाँद बसाइँ सराई बढ्नु दुखद भएको अर्यालको गुनासो थियो । पिडिखोला मात्रै होईन स्याङ्जाका हरेक गाउँबाट हुने बसाईसराई रोक्नुपर्नेमा उनको धारणा थियो ।

कार्यक्रममा गण्डकी प्रदेश सांसद मित्रलाल बस्याल, गल्याङ नगरपालिकाका पुर्व मेयर भुपराज अधिकारी, गल्याङ ६ का वडा अध्यक्ष दिपछिरिङ् गुरुङ लगायतका बक्ताहरुले मुलुकको आर्थिक विकासमा पर्यटन क्षेत्रको महत्वपुर्ण भुमिका रहने बताएका थिए । पुर्व जनप्रतिनिधिहरुले शुरु गरेका राम्रा आयोजनालाई नयाँ जनप्रतिनिधिले काट्ने प्रवृत्तिको अन्त्य हुनुपर्ने उनीहरुको भनाई थियो ।

राजनीतिक पुर्वाग्राही तवरले विकास गर्दा राम्रा आयोजना ओझेलमा पर्न सक्नेप्रति जनप्रतिनिधिहरुले ध्यान दिनुपर्ने बताए । सम्पर्क समाजका सल्लाहकार घनश्याम चापागाईं, देवीस्थान मन्दिर व्यवस्थापन समितिका अध्यक्ष अग्नीलाल भुषाल र सचिव प्रदिप सुवेदी लगायतका बक्ताहरुले देवीस्थान चन्द्रकोट पर्यटन विकासका लागि सबै एकजुट हुनुपर्ने बताए । सम्पर्क समाजका अध्यक्ष उमाकान्त सापकोटाको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रमको स्वागत भुपराज चापागाईंले गरेका थिए ।

# साहित्यकार प्रकट पंगेनी 'शिव'को निधन

पोखरापत्र संवाददाता
पोखरा, ४ बैशाख



पोखराका चर्ची साहित्यकार प्रकट पंगेनी 'शिव' को निधन भएको छ । पोखराको मणिपाल शिक्षण अस्पतालमा भेन्टिलेटरमा राखेर उपचार भइरहेको अबस्थामा मंगलबार दिउसो उहाँको निधन भएको पारिवारीक श्रोतले जनाएको छ ।

गजलकार एवं गीतकार शिवको मणिपालमा उपचार हुदै गर्दा सामाजिक संजालमा शिघ्र स्वास्थ्य लाभको कामना गर्दा गर्दै उहाँले भौतिक रुपमा संसार छाड्नु भएको हो । उहाँको अन्तिम दाहसंस्कार बुधबार गरिने भएको पोखरेली युवा सांस्कृतिक परिवारका अध्यक्ष उपेन्द्र पौडेलले जानकारी दिनुभयो । प्रकटको स्वास्थ्यमा समस्या आएपछि सोमबार अस्पताल भर्ना हुनु भएको थियो भने गजलकार प्रकटको अवस्था गम्भिर रहेको तथा जन्डिस, निमोनिया, मुत्र थैली फुटेर समस्या भएको परिवारले जनाएको छ । कास्कीको रुपा गाउँपालिका-५ स्थायी निवासी गजलकार पंगेनी ७० वर्षको हुनुहुन्थ्यो । उहाँका श्रीमति, एक छोरा र एक छोरी हुनुहुन्छ । परिवारले प्रकटको उपचारमा आर्थिक अभाव भएपछि २५ हजार राखेर कोष स्थापना गरी सहयोगको अपिल गरेको थियो । उहाँको उपचारका लागि पोखरा महानगरपालिकाले १ लाख रुपैयाँ उपलब्ध गराउने निर्णय गरेको थियो ।


कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौँ ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला ।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरीनेछु ।
- जर्ज बार्वर

**सम्पादकीय**

# राम नवमीको महत्व

हिन्दुधर्मावलम्बीले भगवान् श्रीरामको सम्झनामा रामनवमी पर्व भव्य रुपमा मनाउने गर्दछन । चैत्र शुक्ल नवमीका दिन मर्यादा पुरुषोत्तम भगवान् रामको सम्झनामा 'रामनवमी' पर्व नेपाल, भारत लगायत हिन्दु धर्म मान्नेहरुले मनाउँछन । असत्यमाथि सत्यको विजय तथा भगवान् श्रीरामको सम्झनामा मनाइने रामनवमी पर्वका उपलक्ष्यमा भगवान् रामको मन्दिरमा पूजापाठ गरिन्छ । जनकपुरस्थित रामजानकीको मन्दिरमा मेला भर्न नेपाल तथा भारतका नरनारीको घुइँचो लाग्छ । त्रेतायुगमा नवमी तिथिमा अयोध्यामा राजा दशरथ र रानी कौशल्यावतीको सुपुत्रका रुपमा विष्णुको अवतार लिएर भगवान् श्रीरामको जन्म भएको थियो । त्यही स्मृतिमा पवित्र नदी, ताल तथा कुण्डहरूमा स्नानका साथ व्रत बसी रामगीता पाठ, अध्यात्म, वाल्मीकीय, तुलसीकृत र भानुभक्तीय रामायण वाचन गर्ने र भगवान् रामको पूजा आराधना गरी रातभरि भजनकीर्तन गर्ने परम्परा छ ।

आजका दिन व्रत बसी श्री रामको पूजापाठ र जपध्यान गर्नाले चिताएको कार्य पूरा हुने र अर्को जन्ममा बैकुण्ठ वास हुने कुरा 'व्रतार्क' नामक धर्मग्रन्थमा उल्लेख छ । अयोध्याका राजा दशरथका जेठा छोरा भई भगवान् विष्णुको सातौँ अवतारका रूपमा जन्मेका श्रीरामले मिथिलाका राजा जनककी छोरी सीतासँग विवाह गरेपछि संसारबाट पापी तथा दुष्ट राक्षसहरूको नाश गरेको वर्णन गर्ने गरिन्छ । सरकारले राम नवमीका दिन सार्वजनिक विदा दिएको छ । पितृ, मातृ भक्त, ठूलालाई आदर र सानालाई माया गर्ने आदर्श पुरुषका रुपमा रामले अयोध्यामा राज्य गरेकोले उनको शासनकाललाई अहिले पनि रामराज्यका रुपमा स्मरण गरिन्छ । सृष्टिमा दुर्जनको अन्त्य गरी सज्जनको रक्षाका लागि भगवान् विष्णुले रामका रुपमा मनुष्यलोकमा जन्म लिएको भन्ने छ । रामकै जस्तो गुण प्राप्त होस् भन्ने कामनाले श्रीरामनवमी पर्व मनाउने गरिएको धर्मशास्त्रविद्हरु बताउँछन् । रामनवमीका दिन श्रीरामको व्रत, उपवास गरी पूजा, आराधना गर्नाले यो लोकमा सुख, शान्ति र परलोकमा सद्गति पाइने रामायणलगायत धर्मग्रन्थमा उल्लेख गरिएको छ । आफ्ना पिताको कठोर आज्ञालाई सहजतापूर्वक ग्रहण गरी मानव जातिलाई सत्यको मार्गमा लाग्न प्रेरणा दिएको सम्झनामा श्रीरामनवमी पर्व मनाउन थालिएको धार्मिक ग्रन्थमा उल्लेखछ । मर्यादा,सत्य र तपस्या को पर्यायको रुपमा श्रीरामलाई लिने गरिन्छ ।

नेपालको ऐतिहासिक र मौलिक संस्कृति र पर्व माथि अतिक्रमण भइरहेको बेला हाम्रा मौलिक संस्कृति ,ऐतिहासिक धार्मिक मान्यतालाई जोगाउन रामनवमीले सधैं सत्मार्गमा लाग्न प्रेरित गर्नेछ । रामलाई वैदिक सनातन हिन्दु धर्म संस्कृतिमा सबैभन्दा धेरै बढी पुजिने भगवानका रूपमा लिइन्छ । त्यही भएर रामका भाइहरू भरत, लक्ष्मण र शत्रुधन नाम गरेका अरू तीन जना भाइहरू थिए । भरतकी माता कैकेयीले छलपूर्वक दशरथ राजालाई परिबन्धमा पारेर रामलाई १४ वर्ष वनवास पठाएकी थिइन् । तर रामका प्रिय भक्त भएका कारण भरतले पनि वनमै पुगेर रामले लगाउने चप्पल (खराउ)लाई सिंहासनमा राखेर पुजेको किंवदन्ती छ ।सत्य र तपस्या र मर्यादाको पर्याय रामनवमीको शुभकामना !


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : झमेला बढ्ने |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : मानसिक तनाब | धनु | : शुभ यात्रा |
| कर्कट | : शारीरिक झमेला | मकर | : स्वास्थ्यमा सुधार |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : शत्रुको भय | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


ॐ नम भगवते वासुदेवाय नमः

# श्रीराम अवतारको संक्षिप्त चर्चा



भारतको अयोध्या नगरिका राजा दशरथका कौशल्या, सुमित्रा र कैकैयी नामका तीनजना महारानी थिइन । विवाह भएको वर्षौ बित्दा पनि सन्तान नभएको कारण राजा दशरथ चिन्तित थिए । पुत्र प्राप्तीका निमित्त कुलगुरु बशिष्ठ सँगको परामर्शमा पुत्रेष्टि यज्ञ गर्नुपर्ने र सो कार्यमा ऋषि ऋष्यश्रृगं जानकार रहेको छन् भनी उनलाई लिन अंग देशका राजा रोमपादलाई लिन पठाइयो । ऋष्यश्रृगंले निमन्त्रणा प्राप्त भएपछि आफ्ना पत्नी शान्तासँग अयोध्या आउनु भयो ।

ऋषि ऋष्यश्रृगंको सल्लाह मुताविकका सामान जुटाई पुजा गर्ने स्थानको शुद्धि गरी तयार गरिएको यज्ञबेदीमा पुजा गर्दै रहेको बेला अग्निकुण्डबाट दिव्यपुरुष प्रकट भएर आफूले ल्याएको खीर रानीहरुलाई बराबर बाँडेर खुवाउनु भनी राजा दशरथ लाई दिई आफु अलप भए । भने मुताबिक खीर बाँडे पनि सुमित्राको भाग चिलले लगेको हुँदा कौशल्या र कैकैयीले आफ्नो भागबाट अलि-अलि झिकी सुमित्रालाई दिए । तीनजना रानीहरुले खीर खाए पश्चात गर्भवती भएको महशुस गरे । समय पूर्ण भएपछि कौशल्याले सूर्य उत्तरायण शुक्ल पक्षका शुभ समय रामनवमी सोमबारका दिन छोरा जन्माइन् । कैकैयीले दशमीका दिन र सुमित्राले एकादशिका दिन जुम्ल्याहा छोरा जन्माइन् । एघारौ दिन नामाकरण गर्नेबेला बशिष्ठले शिशुहरुको भविष्य हेर्दा उनीहरु देवत्व हुन् र अहिले मानवरुपमा अवतार लिएका रहेछन् भनी कौशल्याका छोराको नाम राम, कैकैयीका छोराको नाम भरत र सुमित्राको छोराको नाम लक्ष्मण र शत्रुघन नामाकरण गरेपछि बशिष्ठ आश्रम फर्कनु भयो ।

ती चारै बालक हुर्कदै, बढदै ३ वर्षका भएपछि राजा दशरथले अब यिनीहरुलाई पढाउन पर्छ भन्दै शुभसाइत निकाली गुरु बशिष्ठ ऋषिको गुरुकुलमा पठाउनु भयो । पढाइ सकेर फर्केपछि उनिहरु फेरी तीर्थाटनका निमित्त जाने भए । तीर्थाटनमा जाँदा विभिन्न स्थानको वातावरण देखी बैरागिनु भएका रामलाई गुरु बशिष्ठले पुनः सांसारिकताको ज्ञान गराउनु भयो । किताबको नाम योगबशिष्ठ रह्यो ।

रामलाई ज्ञान दिने बेला विश्वामित्र पनि पुग्नु भयो । उहाँको आगमनमा राजा दशरथले सत्कार गरी के कामले आउनु भएको सोध्नु भयो र विश्वामित्रको माग अनुसार सेवा कार्यमा राम-लक्ष्मणलाई पठाउन स्विकार गर्नुभयो । यात्रामा जाँदै गर्दा नयाँ, नौला स्थान र जीवको जानकारी गराउदै आश्रममा पुर्‍याउनु भयो । भोलीपल्ट यज्ञ गर्न शुरु गर्दा आतंक मचाउन आएका मरिचलाई रामले वाण हानी समुन्द्र छेउ पुर्‍याई दिनुभयो । तारका र सुबाहुको बध गर्नुभयो । असुर बध गरी फर्कने क्रममा विश्वामित्रको




वचन पालना निम्ती मिथिला नगरीमा मै आउने क्रममा बाटोमा गौतम पत्नी शिला भै बसेका अहिल्याको उद्धार गरी दिनु भयो । त्यसपछि मिथिला नगरी मै राजा जनककी छोरी सिताको विवाह कार्यमा धनुष उठाई वाण चढाउन राजा, महाराजा, पराक्रमी वीरहरु पनि असमर्थ भएको बेला विश्वामित्रको आदेशले रामचन्द्रले धनु उठाएर वाण चढाउदा धनुष भाचियो । सिता स्वयंवरको प्रसँग चलेपछि रामले पिताको आवश्यकता रहेको जानकारी दिएपछि अयोध्याबाट राजा दशरथ, गुरु, मन्त्रीगण सहित मिथिला पुगेर रामसँग सिताको विवाह गराँउदा लक्ष्मण, भरत, शत्रुघनको पनि विवाह गरी अयोध्या फर्कनु भयो । राजा दशरथले रामचन्द्रलाई युवराज घोषणा गर्न गुरु बशिष्ठसँगको परामर्श पछि तयारीमा लागेको खबर मंथराले कैकैयीलाई सुनाएर राजासँग थाँती राखेको दुई बरदान माग्ने बेला भयो भनी सुनाएर १.रामलाई चौध वर्ष वनवास २.भरतलाई राजा बनाउने माग गर्नुहोस भनी भन्न लगाए । राजा दशरथ कैकैयी भएँको ठाँउमा जाँदा कैकैयीले २ वटा बरदानको मागले राजा विचलित भए । रामले यो कुरा थाहा पाएर माता कैकैयीले पाएको बरदान पुरा गराउन पत्नी सिता र भाई लक्ष्मणको आग्रह पुरा गराउन साथमा लिई माता कौशल्यासँग बिदा माग्न जाँदा कौशल्या अचम्ममा परिन र भनिन, हिजो तिमीलाई युबराज घोषणा गर्न तयार गरिएको व्यवस्थापन आज १४ वर्षको लागी वनवास जानु पर्ने सुन्दा "दैवको नियती कस्ले बुझ्न सक्दछ" भन्दै वनमा जान स्विकृती दिइन् । दरबार त्याग गरी वनमा गएका रामले पहिलो दिन निषादराजालाई भेटे त्यसपछि सरयु नदी पार गरी वन-वन घुम्दै त्याँहा रहेका ऋषिमुनिहरुसँग भेट गरे । डण्डक वनमा रहँदा चित्रकुटमा कुटी बनाई बस्नु भयो र वनमा रहेका असुरहरुको वध गर्नुभयो । राम वनवास गएपछि राजा दशरथले देह त्याग गर्नुभयो । मामा घर गएका भरत, शत्रुघन अयोध्या फर्के र पिताको मृत शरिर सरयु नदीमा लगी अन्तिम संस्कार गरे । पिताको मृत्युमा भरतले माता कैकैयी प्रति रोष प्रकट गरे । दाजु रामलाई वनबाट फर्काउन आमाहरु, गुरुवर्ग, मन्त्रीगण, अयोध्यावासी समेत वनमा राम भएको ठाँउमा पुगेर अयोध्याको सबै वृतान्त सुनाएर फर्कन अनुरोध गरे । रामले दिवंगत पिताको अन्त्यष्टि क्रिया गर्नुभयो । अयोध्या नर्फकने मनसायले पिताको आज्ञा पालन गर्नुपर्ने र झुठो बोल्न हुदैन भनी भरतको आग्रह मुताविक आफ्नो खडाउ दिई अयोध्या फर्काए । राम वनमा घुम्ने क्रममा अगस्त्य ऋषि कहाँ पुगे । ऋषिबाट भावी योजनाको विषयमा सल्लाह दिदै गोदावरी नदी नजिक पञ्चवतीमा बस्न सल्लाह दिए । रामचन्द्र पञ्चवतीमा बसेको बेला सुपर्णखा वन विहार गर्ने क्रममा राम, लक्ष्मण भएको ठाँउ आई राम, लक्ष्मणलाई देखी कामातुरमै विवाह प्रस्ताव राख्दा अस्विकार गरी लक्ष्मणले नाक, कान काटी दिए । यो वेदना सहन नसकी दाजु खर, दुषण भएको ठाँउमा गई सिकायत गरी सुर्पणखाको दुर्दशा देखी खर, दुषणले १४ हजार सेना सहित युद्ध गर्न आए । राम, लक्ष्मणले ती सबैको बध गरिदिए । यो घटना देखी रहेकी सुपर्णखाले रावणलाई पञ्चवतीको सबै वृतान्त भनेपछि रावणले सिता हरणको योजना बनाएर सहयोगका लागि मारिचलाई भने । मारिचले रावणको भनाईमा मृग बनी साथ दिए तर रामको बाण लागि मृत्यु प्राप्त गरे । सिता, लक्ष्मण भनी बोलाएको आवाज सुनी लक्ष्मण रामको खोजीमा जाँदा रावणले सिता हरण गर्ने मौका पायो । सितालाई अपहरण हुन नदिँदा जटायुको पखेटा रावणद्वारा काटियो । राम, लक्ष्मण फर्कदा सितालाई नदेखी खोजी गर्दै जादा घाइते जटायुलाई भेटे । जटायुबाट रावणद्वारा सिता हरण गरी दक्षिण दिशामा लगेको खवर पाए । खवर सुनाएर जटायुको मृत्यु भएको देखी उनको अन्तिम संस्कार गरी पुनः खोजी गर्ने क्रममा शवरीको कुटीमा पुग्नु भयो । शवरीले प्रेमपूर्वक दिएको जुठो बयर खानु भयो । शवरीको सल्लाह मुताविक पम्फा सरोबर जाने बेला शवरीलाई मुक्ति प्रदान गर्नुभयो । श्रीराम पम्फा सरोवर पुग्दा हनुमानसँग भेट भै ऋस्यमुक पर्वत पुग्नु भयो । सुग्रिवसँग भेट भए पछि श्रीराम र सुग्रिबको मित्रता भयो । बाली बध गर्नु र सुग्रिबलाई किस्किन्धको राजा बनाए पछि सिता खोजमा बाँदर समुहको बिभाजन पछि हनुमानको समुहलाइ दक्षिण दिशा प-यो । खोजी गर्दै जाँदा विन्ध्यगिरी पर्वतमा रहेका सम्पति (गिध्दराज) सँग पाएको जानकारी वमोजिम सिताको हरण रावणले गरेको र लंकामा लगी अशोक वृक्ष मुनी राखेको खवर पाए । लंका जान समुन्द्र नाघेर जानु पर्दा हनुमानले श्रीरामको नाम उच्चारण गरी गएको हुनाले लंकामा पुगे । लंका नगरी हेरे । भित्र जान मुल ढोकामा लंकिनी थिई । उनलाई मुक्का हानी मूर्छित तुल्याई नगर प्रवेश गरे । सिता मातालाई भेटी श्रीरामले दिएको औठी दिई विश्वस्त पारे । त्यहाँको सबै खबर बुझेर फर्कने बेला बगैचा बिगारेर रावणका कान्छा छोरालाई मार्नु, जेठा इन्द्रजितसँग युद्ध गर्नु वन्धनमा परी दरवारमा गइ रावणको मनोभावना बुझि फर्केर श्रीराम भएको ठाँउमा आए । सिता माता लंकामा भएको जानकारी पाए पछि बाँदर सेना सहित श्रीराम लंका प्रस्थान गर्नुभयो । समुन्द्रमा पुगे पछि श्रीरामले शिवलिङ्ग स्थापना गरी पुजा गर्नुभएको सो ठाँउलाई रामेश्वर भन्ने गरिन्छ । समुन्द्रमा ढुङ्गाको सेतु (बाटो) बनाइयो । लंका पुगेर युद्ध हुँदा सबै राक्षसको बध भयो । चतुर्दशीका दिन रावणको वध गर्नुभयो । भनिन्छ मृत्यु नजिक भएको बेला औषधी मन पर्दैन । अभिमानीलाई सल्लाह दिनु राम्रो लाग्दैन । रावणको मृत्यु पश्चात विभिषणलाई राज्यभिषेक गरियो । त्यसपछि सिता मातालाई ल्याए पछि पहिले वनमा छँदा सितारुपी शक्तिलाई अग्निमा प्रतिष्ठित गर्नुभएको थियो । अहिले फेरी अग्नि परीक्षा गर्नुको अर्थ शक्तिको स्वरुप वास्तविक सितामा प्रकट होस भन्ने थियो । श्रीराम, सिता, लक्ष्मण १४ वर्ष पछी अयोध्या फर्केपछि अयोध्यामा उल्लासमय वातावरणमा उहाँहरुको भब्य स्वागत गरियो । श्रीरामको राज्यभिषेक बैशाख महिना कृष्णपक्षको सप्तमिका दिन वैद्धिक मन्त्रको पाठ गरी जनताको सम्मती र ब्राहमणहरुको आशिर्वाद लिएर वशिष्ठले कार्य सम्पन्न गर्नुभयो । श्रीरामको शासनकाल सुखमय रहे पनि धोवीको कटु बाक्यले गर्दा सिता मातालाई भाई लक्ष्मणका साथ पुनः वनमा पठाउनु भयो । त्यतिबेला उहाँ गर्भवती भएको हुनाले बाल्मिकी आश्रममा छोरालाई जन्म दिइन । जसको लव, कुश नामाकरण गरियो । सिता मातालाई पुनः वनमा पठाँउदा पनि श्रीरामले अर्को विवाह गर्नु भएन । त्यसैले उहाँलाई एक नारी सदाचारी पनि भनिन्छ । श्रीरामले मानव अवतार लिई यस धरामा रहेका असुरहरुको वध गरी पृथ्वीको भार हरण गर्नुभयो । श्रीरामले अष्वमेध गर्ने बेला सिता माताको उपस्थिती हुन नसकेको कारण सुनको प्रतिमा बनाई यज्ञ सम्पन्न गरिएको थियो । श्रीराम ११००० वर्ष सम्म यस धरामा रहनु भयो । पहिला लक्ष्मणलाई पठाए पछि अयोध्यावासी र अन्य सहयोगिहरुलाई शाकेट लोकमा पठाई अन्तमा श्रीरामले सरयु नदीमा समाधी लिनु भई आफ्नो धाममा फर्कनु भयो ।


नारायण प्रसाद बास्तोला
श्रीराम मन्दिर सेवा समिति
नयाँबजार-९, पोखरा कास्की


# एम्बुलेन्स खरिदका लागि महायज्ञ


**पोखरापत्र संवाददाता**
म्याग्दी, ४ बैशाख


म्याग्दीको मङ्गला गाउँपालिका-२ बाबियाचौरमा एम्बुलेन्स खरिदका लागि महायज्ञ आयोजना गर्न लागिएको छ । बाबियाचौरस्थित माटेबगरमा रहेको देवी भगवती मन्दिर परिसरमा बहुउद्देश्यीय सेवा भवन निर्माण र नियमित रूपमा आकस्मिक यातायात सेवाका लागि एम्बुलेन्स खरिद गर्नका लागि महायज्ञ आयोजना गर्न लागिएको हो ।

देवी भगवती मन्दिर संरक्षण समिति तथा मङ्गला युथ क्लबको आयोजनामा यही वैशाख ८ गतेदेखि १६ गते सम्म सञ्चालन गर्न लागिएको ऐतिहासिक देवी महिमा श्रीमद्भागवत नवाह ज्ञान महायज्ञ एवम् धार्मिक महोत्वस- २०८१ को तयारीलाई तीव्र पारिएको छ ।

मङ्गला गाउँपालिकाभित्रका बिरामीलाई समयमै अस्पताल पुऱ्याउन यातायातको साधनको समस्या भएको अवस्थालाई मध्यनजर गर्दै एम्बुलेन्स खरिद गर्ने लक्ष्यसहित महायज्ञ आयोजना गरिएको मूल समारोह समितिका सचिव छमलाल पौडेलले जानकारी दिनुभयो । उहाँका अनुसार महायज्ञबाट बचत हुने रकमबाट मन्दिर पुनःनिर्माण र बहुउद्देश्यीय सेवा भवन निर्माण गरिनेछ । उक्त भवनमा मण्डपसहित विवाह तथा व्रतबन्धलगायतका धार्मिककार्य सम्पन्न गर्ने कक्ष, सङ्कीर्तन, पूजा सामग्री भण्डारण कक्ष, तथा योग र ध्यान समेत गर्न मिल्ने सभाहल निर्माण गर्ने लक्ष राखिएको महायज्ञ मूल समारोह समितिका अध्यक्ष नवीन अधिकारीले बताउनुभयो । महायज्ञको प्रचारप्रसार, मञ्च व्यवस्थापन, दानदाताको खोजी, पत्राचार, निमन्त्रणा कार्ड वितरणलगायतका कार्यलाई तीव्रताका साथ अगाडि बढाइएको प्रचारप्रसार उपसमितिका संयोजक राजु पाण्डेले जानकारी दिनुभयो । महायज्ञमा पण्डित कपिलदेव भट्टले कथा प्रवचन गर्नुहुनेछ । महायज्ञमा दैनिक पूजापाठ, ग्रह शान्ति व्रतबन्ध, विवाह, व्रतसाङेता, सन्ध्या महाआरति, लाखबत्ती, कलश, मूलकर्ता भूमिदान र तुलादन समेतको व्यवस्था गरिएको आयोजकले जनाएको छ । विसं २०३५ मा हर्कबहादुर अधिकारीको सक्रियतामा स्थापना गरिएको देवी भगवती मन्दिरमा पूजाआजा गर्नाले मनोकांक्षा पूरा हुने जनविश्वास छ । यस मन्दिरमा आज चैतेदसैंको अवसरमा विशेष पूजाआजा गरिएको छ । महायज्ञको वैशाख ८ गते कलशयात्रासहित उद्घाटन गरिने जनाइएको छ ।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**योजनाको नाम :** सफा मार्गमा बाटो ढलान
**स्थान :** पोखरा महानगरपालिका-१२
**उपभोक्ता समितिको नाम :** सफा मार्गमा बाटो ढलान उपभोक्ता समिति
**योजना शुरु मिति :** २०८०/१२/०६
**योजना सम्पन्न मिति :** २०८०/१२/१३
**योजनाको कूल लागत :** रु. ३,७७,७७७।७७
**पो.म.न.पा.बाट रु. :** ३,४०,०००
**जनश्रमदानबाट रु. :** ३७,७७७।७७

**उपभोक्ता समिति**
अध्यक्ष : होमनाथ ढुङ्गेल
सचिव : कुशल घिमिरे
कोषाध्यक्ष : भगवती पन्त
सदस्य : सुदिप वि.क., कृष्णबहादुर अधिकारी, आशमाया वि.क., निरा गुरुङ

**अनुगमन समिति**
अध्यक्ष : तीर्थ घिमिरे
कोषाध्यक्ष : ओम बाबु भट्ट
सचिव : निलकण्ठ रेग्मी

